नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानवस्रोत विकास केन्द्र

अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा

सानोठिमी, भक्तपुर

०१ – ६६३४१७८
www.cehrd.gov.np
section.nonformal@gmail.com

प. स.०७८/०७९
च. नं.४९

मिति:२०७८।०४।२९

विषय: अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा आयोजित कविता प्रतियोगिताको लागि कविता आव्हान गरिएको ।

श्री जो जसँ सँग सम्वन्धित छ ।

अन्तर्राष्ट्रिय साक्षरता दिवस, २०७८ भाद्र २३ (सेप्टेम्वर ८,२०२१) को सन्दर्भमा यस केन्द्रको आयोजनामा साक्षरता र सिकाइ शिर्षकमा कविता प्रतियोगिता सञ्चालन गर्ने लागिएको हुँदा सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालकहरु, अनौपचारिक प्रौढ तथा खुला विद्यालयमा अध्यनरत प्रौढहरु र सामुदायिक सिकाइ केन्द्र मार्फत गठन भएका विभिन्न आयआर्जन समुहमा आवद्ध प्रौढहरुवाट प्रतिनिधित्व हुने गरी कविता प्रतियोगिताको लागि कविता आव्हान गरिएको व्यहोरा निर्णायानुसार अनुरोध छ ।प्रतियोगिताका नियम र मापदण्डहरु तपसिल वमोजिम रहेका छन् ।

तपसिल

१ कविता गद्य वा पद्यको सिद्धान्तमा रही कम्तीमा १५० देखी बढीमा २०० शव्द सम्म देवनागरीमा हुनुपर्नेछ ।

२ कविता अप्रकाशित भएको हुनुपर्नेछ । यदि कविता प्रकाशन भैसकेको जानकारी भएमा प्रतियोगिताको लागि मूल्याङ्कन गरिनेछैन ।

३ प्रतियोगितामा सामुदायिक सिकाइ केन्द्रका परिचालिका र आयआर्जन समुहका सहभागीहरुले सम्वन्धित सामुदायिक सिकाइ केन्द्रको सिफारिस पत्र र अनौपचारिक प्रौढ तथा खुला विद्यालयमा अध्यनरत प्रौढहरुले सम्वन्धित विद्यालयको सिफारिस पत्र सहित कविता पठाउनुपर्नेछ ।

४ कविता शिक्षा तथा मानवस्रोत विकास केन्द्र, अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखाको इमेल ठेगाना section.nonformal@gmail.com मा २०७८ भाद्र १२ गते दिउँसो ५ वजे सम्म आईपुग्ने गरी पठाउनुपर्नेछ ।

५ प्रतियोगितामा प्रथम, द्धितिय र तृतिय हुने कवितालाई क्रमशः रु १५,०००/, १०,०००/ र ७,०००/नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

६ प्रतियोगितामा प्रथम, द्धितिय र तृतिय हुने कवितालाई अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा प्रकाशित हुने साक्षरता विशेषाङ्कमा प्रकाशन गरिनेछ ।

७ प्रतियोगितमा समावेश भएका कविताहरुको मूल्याङ्कनको लागि मूल्याङ्कन समिति शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा रहनेछ ।

निलकण्ठ ढकाल
निर्देशक